# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : १९/२०७९-८०

मितिः २०८०/०१/१५

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७९ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा महाशाखा ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१२) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३) श्री नेपाल उद्योग परिसंघ ।
१४) श्री नेपाल चेम्बर अफ कमर्स ।
१५) श्री नेपाल बैंकर्स संघ ।
१६) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१७) श्री नेपाल वित्तीय संस्था संघ ।
१८) श्री नेपाल रेमिटर्स एशोसिएसन ।
१९) श्री मुद्रा सटही व्यवसायी संघ नेपाल ।

## नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा संशोधन/परिमार्जन/थप सम्बन्धी तीन महले विवरण

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| १ | ५/२०७९ | खण्ड (ख) को दफा १ को (ख) | सेवा आयातकर्तालाई जारी गरिएको बीलबीजक वा खरिद आदेश। | **बीलबीजक वा खरिद आदेश हुने प्रकृतिको सेवा निर्यातको हकमा** बीलबीजक वा खरिद आदेश। |
| २ | ७/२०७९ | १७ को १ को (क) मा उल्लिखित | यस्तो रकम प्रति व्यक्ति बढीमा मासिक अमेरिकी डलर ६ हजारका दरले वार्षिक अमेरिकी डलर ७२ हजारसम्म भुक्तानी गर्न सकिनेछ। तर, भारतीय नागरिकको हकमा यस्तो सीमा लागू हुने छैन। | *(हटाइएको)* |
| ३ | ७/२०७९ | १७ को २ | नेपालका वायुसेवा प्रदायक कम्पनीहरूमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि वहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानूनबमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७० (सत्तरी) प्रतिशतसम्मको रकम यस बैंकले प्रदान गरेको अधिकतम १ वर्ष सम्मको भुक्तानीको लागि देहायका कागजातका आधारमा स्वीकृतिपत्र दिन सक्नेछ र सोको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा (भारतीय नागरिकको हकमा भारतीय मुद्रामा) सम्बन्धित मुलुकमा पठाउन सकिने छ। | **नेपालका वायुसेवा प्रदायक कम्पनीहरूमा कार्यरत विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि वहाल रहेको अवस्थामा रोजगारदातासँग गरेको करारमा उल्लिखित पारिश्रमिकमा प्रचलित कानूनबमोजिम कर कट्टी पश्चात हुन आउने रकमको बढीमा ७० (सत्तरी) प्रतिशतसम्मको रकम भुक्तानीको लागि देहायका कागजातको आधारमा पारिश्रमिक कर तिरेको प्रमाण लिई परिवर्त्य विदेशी मुद्रामा (भारतीय नागरिकको हकमा भारतीय मुद्रामा) सम्बन्धित मुलुकमा पठाउन सकिने छ।** |
| ४ | ८/२०७९ | ७ थप | *(हाल नभएको हुँदा दफा ७ थप गरिएको)* | **यस एकीकृत इ.प्रा. परिपत्र : ८/२०७९ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेको "वैदेशिक अध्ययन स्वीकृति सम्बन्धी निर्देशिका, २०७९" बमोजिम उक्त मन्त्रालयले व्यवस्था गरेको पोर्टल प्रयोगमा आएपश्चात् बैंक तथा वित्तीय संस्थाले सोही पोर्टलमा उपलब्ध वैदेशिक अध्ययनको स्वीकृति (No Objection Letter) सम्बन्धी विवरण यकिन गरी सटही सुविधा उपलब्ध गराउनु पर्नेछ।** |
| ५ | १०/२०७९ | १ को शर्त (३) | माल वस्तु आयात गर्ने प्रयोजनको लागि ड्राफ्ट टी.टी. मार्फत आयात गर्न पाइने सीमा भन्दा बढीको हकमा प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्रको माध्यमबाट मात्र प्रदान गर्नु पर्नेछ। | माल वस्तु आयात गर्ने प्रयोजनको लागि ड्राफ्ट टी.टी. मार्फत आयात गर्न पाइने सीमा भन्दा बढीको हकमा प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्रको माध्यमबाट मात्र प्रदान गर्नु पर्नेछ। **मालवस्तु बाहेक अन्य आयातको हकमा प्रतीतपत्र अनिवार्य हुने छैन।** |
| ६ | ११/२०७९ | (क) को ११(४) | यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर १,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिनेछ। | यस्तो सटही सुविधा अधिकतम अमेरिकी डलर १,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म प्रदान गर्न सकिनेछ। **तर, भिसा आवेदनको हकमा सम्बन्धित दूतावास लगायत भिसा आवेदन शुल्क संकलन गर्न अधिकारप्राप्त** |

## नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा संशोधन/परिमार्जन/थप सम्बन्धी तीन महले विवरण

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | | **निकायले परिवर्त्य विदेशी मुद्रामा नै भिसा शुल्क लिने व्यवस्था गरेमा (विद्युतीय माध्यम समेत) तोकिएको भिसा शुल्कसम्मको सटही सुविधा प्रदान गर्दा उल्लिखित अधिकतम अमेरिकी डलर १,००० को सीमाले बाधा पुऱ्याएको मानिने छैन ।** |
| ७ | १७/२०७९ | १ को (ङ) को (७) को (ग) | आफ्नो तथा आफ्नो Sister Concern को लागि विदेशी संस्थाबाट लिने विविध सेवा, अदृश्य आयात (Invisible Import) लिए/गरेको पुष्टि हुने कागजात/बिल बीजकको आधारमा मासिकरुपमा बढीमा अमेरिकी डलर १५,०००।- (पन्ध्र हजार) वा सो बराबर हुने रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्न सकिनेछ । | आफ्नो तथा आफ्नो Sister Concern को लागि विदेशी संस्थाबाट लिने विविध सेवा, अदृश्य आयात (Invisible Import) लिए/गरेको पुष्टि हुने कागजात/बिल बीजकको आधारमा मासिकरुपमा बढीमा अमेरिकी डलर १५,०००।- (पन्ध्र हजार) वा सो बराबर हुने रकम सम्बन्धित पक्षलाई भुक्तानी गर्न सकिनेछ । **तर, नेपाली विश्वविद्यालयले लिने सेवाको हकमा विदेशी प्राकृतिक व्यक्ति (शोधकर्ता/प्राध्यापन पेशाकर्मी) लाई समेत भुक्तानी गर्न सकिनेछ र त्यस्तो भुक्तानीको सीमा वार्षिक अमेरिकी डलर ५०,००० सम्म हुनेछ ।** |
| ८ | २०/२०७९ | ३क | बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्राको विनिमय दर तोक्दा सम्बन्धित परिवर्त्य विदेशी मुद्राको न्यूनतम खरिद दर (५० दर भन्दा साना दरका नगद नोट खरिद समेत) र बिक्री दर बीचको फरक १% भन्दा बढी नहुने गरी तोक्नु पर्नेछ । तर, अमेरिकी डलरको हकमा त्यस्तो फरक ने.रु.०।६० (साठ्ठी पैसा) भन्दा बढी हुने छैन । | बैंक तथा वित्तीय संस्थाले परिवर्त्य विदेशी मुद्राको विनिमय दर तोक्दा सम्बन्धित परिवर्त्य विदेशी मुद्राको न्यूनतम खरिद दर (५० दर भन्दा साना दरका नगद नोट खरिद समेत) र बिक्री दर बीचको फरक १% भन्दा बढी नहुने गरी तोक्नु पर्नेछ । **तर, अमेरिकी डलरको हकमा देहायबमोजिम हुनेछः**<br>**(१) खरिद दर र बिक्री दर बीचको फरक** ने.रु.०।६० (साठ्ठी पैसा) भन्दा बढी हुने छैन ।<br>**(२) ५० दर भन्दा साना दरका नगद नोट खरिद गर्दा उप-दफा (१) बमोजिम तोकिएको खरिद दरमा दफा १ को उपदफा (च) को (२) मा उल्लेख भएबमोजिमको सेवा शुल्क लिन बाधा पर्ने छैन ।** |
| ९ | २५/२०७९ | ४(क) | नेपाली नागरिकसँग अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्न सक्नेछ । | **नेपाली नागरिकसँग अमेरिकी डलर ५,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा (भन्सार घोषणाको प्रमाणित कागजात भए त्यस्तो कागजातमा उल्लिखित सम्पूर्ण रकम) को खरिद कारोबार गर्न सक्नेछ ।**<br>**तर, विदेशी इष्टमित्र र ग्राहकहरुबाट उपहार, टिप्सबाट प्राप्त हुने रकम भने एकीकृत इ.प्रा. परिपत्र : ०९/२०७९ को दफा २ (ज) बमोजिम अधिकतम अमेरिकी डलर ५०० सम्म मात्र सटही गर्न सकिनेछ ।** |